नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक ३१ | २०७९ साल भदौ ६ गते सोमबार (22 Aug 2022 Monday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

बचत गर्दा ध्यान दिऔं।

**बैंक, वित्तिय संस्था तथा सहकारीहरुमा रकम जम्मा गर्दै हुनुहुन्छ?**
त्यसो हो भने,
- त्यस्ता संस्थाको वित्तीय विश्वसनीयताको परीक्षण गर्न नबिर्सौं।
- बढी ब्याजको लोभमा नफसौं।
- ब्याजको लोभमा साँवासमेत नगुमाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : अझै अन्योलमा परीक्षणकालीन.. ३ पृष्ठमा : निर्वाचन क्षेत्र पूर्वाधार विकास ... ३ पृष्ठमाभारत र अफगानिस्तानमा भारी ...

# नेता गिरीको शोक मनाउन काँग्रेसले झण्डा आधा झुकायो

**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ ।**

नेपाली काँग्रेस सप्तरीले आफ्ना नेता प्रदिप गिरीको निधनमा शोक मनाउन आईतवार पार्टी कार्यालयमा झुण्ड्याइएको झण्डा आधा झुकाएको छ ।

जिल्ला सभापती रामदेव साहको अध्यक्षतामा आइतवार वसेको आकस्मिक बैठकले स्व.नेता गिरी प्रति शोक र श्रद्धाञ्जली अपर्ण गर्न तीन दिन सम्म पार्टी कार्यालयमा आधा झण्डा झुकाउने र उनको तस्बिर तथा शोक पुस्तिका राख्ने निर्णय गरिएको जिल्ला सचिव सनत मण्डलले बताएका छन् ।

यस्तै श्रद्धाञ्जली बाहेकका अन्य कुनै कार्यक्रम हाल संचालन नहुने जनाइएको छ । स्व.गिरीलाई श्रद्धाञ्जली दिन उपसभापती रामकुमार यादव, क्षेत्रिय सभापती महानन्द यादव, तरुण दलका अनिल कुमार देव, युवा नेता प्रदिप सिह लगायत ठुलो संख्यामा काँग्रेसी नेता कार्यकर्ताहरु पार्टी कार्यालय पुगेका थिए ।

काँगेसका नेता एवं समाजवादी चिन्तक गिरीको शनीवार राती ७५ वर्षको उमेरमा उपचारको क्रममा निधन भएको थियो । उनको निधनले काँग्रेस स्तब्ध र मर्माहत भएको तथा




मुलुकलाई अपुर्णिय क्षती भएको आईतवार नै जिल्ला सचिव मण्डलद्वारा जारी शोक वक्तब्यमा उल्लेख छ ।

## नेता गिरीको निधनमा लहान नगरपालिकाद्वारा शोक बिदा

जनकपुरधाम, ५ भदौ (रासस) ।

नेपाली कांग्रेसका नेता एवं प्रतिनिधिसभा सदस्य प्रदीप गिरीको निधनमा सिरहाको लहान नगरपालिकाले शोक बिदा दिएको छ । लहान नगर प्रमुख महेश चौधरीले नेता गिरीका निधनमा नगरपालिकाले आइतबार शोक बिदा दिएको बताउनुभयो ।

लहान-१० निवासी गिरीको उपचारका क्रममा ललितपुरको नख्खुस्थित मेडिसिटी अस्पतालमा शनिबार राति साढे ९ बजे निधन भएको थियो । उहाँको निधनले लहान नगरपालिकास्थित बस्तीपुरगाउँ शोकमा डुबेको छमस् । समाजवादी चिन्तक गिरी गत विसं २०७४ को निर्वाचनमा सिरहा क्षेत्र नं १ बाट निर्वाचित हुनुभएको थियो ।

# सप्तकोशी नदीको झारीमा लुकाइराखेको ठुलो परिमाणको गाजा शसस्त्रद्वारा बरामद

**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ ।**

सप्तकोशी नदीको किनारमा पटेर झारीमा तस्करीका लागि लुकाई राखेको २ सय ४० किलो गाजा सशस्त्र प्रहरी बल सप्तरीले बरामद गरेको छ ।

आईतवार विहान ४ बजेतिर गोप्य सुचनाका आधारमा कोशी ब्यारेजस्थित सुरक्षा वेश क्याम्प भारदहका प्रहरी निरिक्षक उमेश कुमार आलेको कमाण्डमा खटेको प्रहरी टोलीले हनुमाननगर कंकालिनी नगरपालिका १



सप्तकोशी किनारको उक्त झारीमा लुकाई राखिएको २ सय ४० केजी अबैध गाँजा बरामद गरेको हो ।

९ वटा प्लास्टिकको बोरमा लुकाई राखिएको अवस्थामा फेला परेको उक्त अबैध गाजा आईतवार नै आवश्यक कारवाही प्रक्रियाका लागी जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाइएको शसस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वाटर सप्तरीका सशस्त्र प्रहरी उपरिक्षक प्रदिप खडकाले जानकारी दिएका छन् । उनले गाजा लुकाई राख्ने ब्यक्तिको खोजी कार्य जारी रहेको बताए ।

सप्तकोशी नदी गाजा तस्करीको सेन्टर प्वाइन्ट बन्न थालेको छ । यसअघि सशस्त्रले गाजा डुंगाको प्रयोग

*बाँकी अन्तिम पृष्ठमा*




भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**विगत १४ वर्ष देखी संचालन हुदै आएको**

**ओभरसियरी क्याम्पस**

( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**

( ३ बर्षे )

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०७९ भदौं ९ गते सम्म ।

सम्पर्क :

**सफटेक इन्जिनियरिङ्ग कलेज**

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

हाम्रा बिशेषताहरु –
- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७९/५/९
प्रवेश परिक्षा मिति : २०७९/५/१६ गते बिहान ८ बजे

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

# अझै अन्योलमा परीक्षणकालीन चालक अनुमतिपत्र

काठमाडौँ, ५ भदौ (रासस)।

चालक अनुमतिपत्र वितरणमा ढिलाइ भइरहँदा त्यसको विकल्पकारुपमा लिइएको परीक्षणकालीन अनुमतिपत्र सुरु गर्नेबारे अन्योल रहेको छ। सङ्घीय सरकारले अनुमतिपत्रको परीक्षा पास भएको एक वर्षपछि ‘स्मार्ट’ चालक अनुमतिपत्र दिने भने पनि बागमती प्रदेश सरकारले भने त्यसमा चासो देखाएको पाइँदैन।

सङ्घीय कानुनको व्यवस्थाअनुसार विभागले ‘स्मार्ट चालक अनुमतिपत्रको विकल्पमा जानुपर्ने भन्दै आएको छ। बागमती प्रदेश सरकारले परीक्षणकालीनभन्दा ‘स्मार्ट’ चालक अनुमतिपत्र नै चाँडो सेवाग्राहीको हातमा पुऱ्याइने बताउँदै आएको छ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ५१ मा ‘चालक अनुमतिपत्र सुरुमा एक वर्षका लागि परीक्षणकालमा रहने गरी दिइनेछ’ भन्ने व्यवस्था छ। प्रदेश सरकारले भने हाल विद्यमान क्षमतामा बिस्तार गरेर पनि चाँडो सेवाग्राहीलाई ‘स्मार्ट’ चालक अनुमतिपत्र नै दिइने योजना बनाएको छ।

परीक्षणकालीन अनुमतिपत्र सुरु गर्नेभन्दा पनि सकेसम्म छिटो ‘स्मार्ट’ चालक अनुमतिपत्र नै दिनेगरी छलफल अघि बढेको बागमती प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालयका प्रवक्ता हरिहर पोखरेलले बताउनुभयो। सेवाग्राहीले दुई/तीन महिनामा अनुमतिपत्र पाउँदा समस्या कम हुने उहाँको भनाइ छ। एउटै कामका लागि दाहोरो खर्च हुने देखिएकाले त्यसलाई तत्काल अघि नबढाइएको उहाँको भनाइ छ। प्रवक्ता पोखरेलले भन्नुभयो, “प्रदेशलाई नै सङ्घीय सरकारले प्रिन्टर दिँदा अझै चाँडो हुनसक्छ।”

यातायात व्यवस्था विभागले प्रदेशलाई प्रिन्टर हस्तान्तरण गर्ने कुरा गरेको प्रवक्ता पोखरेलले बताउनुभयो। प्रदेश सरकार आफैँले पनि उपकरण किन्ने विषयमा छलफल अघि बढाएको छ। पहिले सङ्घीय सरकारले ‘सिस्टम’सहित नै प्रिन्टर दिने विषयमा छलफल भइरहेको छ। एउटा छपाई उपकरण हस्तान्तरण गरेपछि प्रदेशले पनि किन्ने गरी छलफल भइरहेको छ। उहाँले भन्नुभयो, “हस्तान्तरण भएपछि एउटाले पुग्दैन र आवश्यकताअनुसार खरिद गरिनेछ।”

चालक अनुमतिपत्र लिन उपत्यकाका चारै कार्यालयमा दैनिक सेवाग्राहीको भीड हुन्छ। अहिले मन्त्रालयले सबै कार्यालयलाई बिहानैदेखि साँझसम्म नै छापिएर आएका अनुमतिपत्र वितरण गर्नु भनेकाले सोहीअनुसार काम भइरहेको छ। नवीकरणमा पनि यहीअनुसार गर्न सकिने भए पनि कर्मचारीलाई खटाएपछि दिनुपर्ने सुविधाका विषयमा छलफल भइरहेको छ।

कागजरहित सरकारको अवधारणाअनुसार अनलाइन माध्यमबाट फाराम लिन सुरु भए पनि यो पूर्णरुपमा लागू हुन सकेको छैन। अनुमतिपत्र नवीकरण र सवारीसाधन नवीकरणलाई अनलाइन माध्यममार्फत गर्न ‘सिस्टम’ का लागि टेण्डर गरिने उहाँले बताउनुभयो। पहिले ‘डिजिटलाइजेसन’ भइसकेका र गर्न बाँकी सिस्टममा लगिने मन्त्रालयको योजना छ। उहाँले भन्नुभयो, “सेवाग्राही कर तिर्न र नवीरकण गर्न कार्यालय आउनुपर्ने कुराको अन्त्य गरिनेछ।”

सङ्घीय सरकारसँग आवश्यक समन्वयमा समस्या नभएको र कसरी सेवालाई प्रभावकारी बनाउने भनी छलफल भइरहेको प्रवक्ता पोखरेलले बताउनुभयो। केही समय पहिले सङ्घको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सातै प्रदेशका यातायात मन्त्रालयसँगको बैठकमा ‘सिस्टम’ प्रदेशलाई दिन सकिने बताएको थियो। केही समय पहिलेसम्म अनलाइन फारामको समस्या रहेकामा समन्वयमा हटाइएको छ। उहाँले भन्नुभयो, “छिटै नै प्रयोगात्मक परीक्षामा ७० प्रतिशतमा पास गरिने मापदण्ड लागू गरिनेछ।”

एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालय, चालक अनुमतिपत्रमा एउटा छपाई उपकरण छ। त्यही उपकरणको प्रयोग गरेर छपाई गरिने वा मन्त्रालयले परीक्षणकालीन अनुमतिपत्र छाप्न नयाँ उपकरण उपलब्ध गराउने भनी कुनै जानकारी नआएको कार्यालय प्रमुख नरेन्द्र महर्जनले बताउनुभयो।

चालक अनुमतिपत्र सबैभन्दा बढी चाप एकान्तकुनास्थित कार्यालयमा छ। कार्यालयमा नयाँभन्दा नवीकरणको चाप बढी छ। विसं. २०६० भन्दा पहिले ट्राफिक प्रहरीले अनुमतिपत्र दिने गरेकामा त्यतिबेलादेखिका अनुमतिपत्रको रेकर्ड रहेको प्रमुख महर्जनले बताउनुभयो। काठमाडौँ उपत्यकामा अरु तीन कार्यालय खुल्नुभन्दा पहिलेको अनुमतिपत्र नवीकरण यहीँबाट हुने भएकाले त्यसको चाप बढी छ। सेवाग्राहीको चाप नयाँ दर्ताभन्दा नवीकरणमा भएकाले नयाँलाई कम प्राथमिकता दिइएको छ। उहाँले भन्नुभयो, “कुन कार्यालय कति कोटा भनी निर्धारण गर्दा यहाँभन्दा अरु तीन कार्यालयमा कोटा बढी छ।”

पुराना अनुमतिपत्रमा कतिपय सूचना पूरा नभएको लगायत नवीकरणमा धेरै समस्या रहेको प्रमुख महर्जनले बताउनुभयो। पुरानो विवरण अनलाइनमा राखिएको भए पनि ढड्डा र अनलाइनमा फरकफरक सूचना हुँदा समस्या आउने गरेको छ। पुरनो अनुमतिपत्रमा पास भएको फेल वा कुनै वर्ग छुट्ने, विवरण परिवर्तनलगायतका समस्या छ।

अनुमतिपत्रमा कागजरहित सरकार शतप्रतिशत हुन नसकिएको पाइएको छ। राजस्व तिर्न अनलाइन माध्यमबाट सुरु भए पनि विभिन्न समस्याका कारण निरन्तरता नभएको उहाँको भनाइ छ। जेठको दोस्रो साता भौचर प्रिन्ट गर्न सुरु गर्न खोजिए पनि रोकिएको र पछि कोसिस गरे पनि नसकिएको थियो। अहिले अनलाइनमार्फत फाराम भरे पनि आवेदन दिनका लागि कार्यालयमा नै दिनभर लाग्ने अवस्था छ। नयाँ फाराम भरेपछि एउटा नागरिकताबाट एउटा ‘युजर’ बन्ने त्यसबाट आवेदन भरेर सिफारिस नम्बर आएपछि राजश्व भर्ने र मेडिकलका लागि कार्यालय जानुपर्ने उहाँले बताउनुभयो।

अनुमतिपत्रका लागि स्वास्थ्य परीक्षणका लागि विस्तृत नभए पनि आँखा र ध्वनिको जाँच हुने गरेको छ। अहिले तत्कालका लागि बिल मात्रैभन्दा परीक्षणकालीन अनुमतिपत्र दिँदा सेवाग्राहीलाई सजिलो हुने उहाँको भनाइ छ।

यातायात व्यवस्था विभागबाट अहिले छापिएर सन् २०२२ को अनुमतिपत्र आउन बाँकी छ। दुई साता पहिले जम्मा ३३ हजार हाराहारीमा आएको कार्यालयले जनाएको छ। अगस्टको केही बाँकी छ भने डिसेम्वरको १५ हजार सम्मको आएर त्यसयताको छापिएर आउन बाँकी छ।

अनुमतिपत्रको फाराम अनलाइनमार्फत भर्नेमा अझै कार्यालयमा सेवाग्राहीको घुइँचो कम भएको छैन। अहिले बिहानैदेखिको लाम देखिन्छ र त्यो दिनभर नै हुने गरेको छ। नागरिकले बिहान एकैपटक आउँदा मात्रै भीडभाड देखिएको प्रमुख महर्जनले बताउनुभयो। चार सयको कोटा हुँदा ती सबै बिहान आठ बजे एकै समय आइपुग्छन्। उहाँले भन्नुभयो, “दैनिक तीन सयदेखि चार सयसम्म सेवाग्राही दैनिक आउँदा बिहानैदेखि भीडभाड र दिउँसोसम्म भीड सकिएको पाइन्छ।”

कार्यालयमा नियमितरुपमा हुने भीडभाड व्यवस्थापन कसरी गर्ने भनी छलफल भइरहेको प्रमुख महर्जनले बताउनुभयो। अपराह्न वा त्यसपछि कार्यालयमा जाँदा एकैदिन काम नसकिने सेवाग्राहीमा चिन्ता रहेको पाइएकाले बिहानै कार्यालय पुग्ने गरेका हुन्। नवीकरणमा चालक अनुमतिपत्र र नागरिकता लिएर आउँदा एकैदिन काम सकिने उहाँले बताउनुभयो। सेवाग्राही एक दुईबजे आउँदा केही घण्टामा सकिन्छ। बिहान १० बजे लाममा बस्नेको दुई बजे पालो आउने र दुई बजे आउनेको पालो साढे दुईमामा नै आएको हुनसक्छ। उहाँले भन्नुभयो, “पुरानो अनुमतिपत्रमा कुनै समस्या हुँदा एकैदिन समाधन नहुँदा अर्को दिन आउनपर्ने हुनसक्छ।”

विभागले अहिलेसम्म सन् २०२१ का धेरै अनुमतिपत्र छापिइसकिएको जनाएको छ। अहिले एक/दुई कार्यालयको मात्रै छाप्न बाँकी छ। सन् २०२२ देखिका कार्डमा एक वर्षसम्म परीक्षणकालीन अनुमतिपत्र पाउने व्यवस्था गरिएकाले त्यसपछिको मात्रै अनुमतिपत्र छापिने विभागका प्रवक्ता ईश्वरीदत्त पनेरुले बताउनुभयो। अब नवीकरण मात्रै गर्ने हुँदा चाप कम हुने उहाँको भनाइ छ।

सवारी तथा यातायात व्यवस्था ऐन र नियमावलीमा चालक अनुमतिपत्रलाई परीक्षा पास गरेपछि एक वर्षसम्म परीक्षणकालीन दिने व्यवस्था छ। उहाँले भन्नुभयो, “विभागले एक वर्षपछिको मात्रै स्मार्ट दिने भन्ने हो, कार्यालयले लागू गर्छन कि गर्दैनन् हेर्न बाँकी छ।”

विगतका वर्षमा कहिले कोरोनाका कारण त कहिले उपकरण र कहिले कार्ड अभावका कारणले नियमितरुपमा छपाइ नभएकाले छाप्न बाँकी बढीरहेको थियो। अहिले उपकरण नबिग्रिएमा र अरु कुनै किसिमको समस्या नआएमा यही अवस्थामा दुई/तीन महिनामा लाइसेन्स वितरण गर्न सकिने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, “त्योभन्दा कम समयमै दिने विषयमा सम्भव नहुने भन्ने होइन, हाल उपलब्ध साधनस्रोतका आधारमा दुई/तीन महिनामा सकिन्छ भन्ने लागेको छ।”


## सूचना। सूचना॥ सूचना॥।

### कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ। तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी

## डा. ललन प्रसाद रौनियार
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## डा. सरोज कुमार साह
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## डा. कालीप्रसाद यादव
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np

# निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सञ्चालन नगर्न निर्देशन

काठमाडौँ, ५ भदौ (रासस)।

निर्वाचन आयोगले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम वा सोही प्रकृतिका योजना र बजेटमा नतोकिएका नयाँ कार्यक्रम सञ्चालन नगर्न/नगराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई निर्देशन दिएको छ।

प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनको मिति २०७९ मङ्सिर ४ गते आइतबारका दिन एकै चरणमा हुने गरी घोषणा भई निर्वाचनको तयारीका भइहेको छ। यसै सन्दर्भमा मतदातालाई प्रभावित पार्ने एवं निर्वाचनको स्वच्छता र निष्पक्षतामा प्रभाव पार्ने प्रदेश निर्वाचन पूर्वाधार विकास कार्यक्रम वा पूर्वाधार विकास कार्यक्रम वा सोही प्रकृतिका योजना र बजेटमा नतोकिएका कुनै पनि नयाँ आयोजना तथा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन नगर्न/नगराउन ती निकायलाई आयोगले निर्देशन दिएको हो।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले शनिबार जारी गर्नुभएको विज्ञप्तिमा त्यस्ता योजना तथा कार्यक्रमले मतदातालाई प्रभावित पार्न सक्ने र समग्र निर्वाचनको निष्पक्षता र तटस्थतामा प्रत्यक्ष असर पार्न सक्ने देखिएकाले विपद् वा महामारीको पूर्वतयारी वा कुनै विपद्को अवस्था परी विपद् व्यवस्थापनसम्बन्धी कार्य गर्नुपर्ने वा मानवीय सहायता प्रदान गर्नुपर्ने वा स्वास्थ्य महामारीको अवस्थामा सोको सामना गर्न आवश्यक उपाय अवलम्बन गर्नुपर्ने विषयबाहेक कुनै पनि प्रकारका नयाँ आयोजना तथा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन नगर्न/नगराउन हुन आग्रह गरिएको छ।


## डा. जयन्ती यादव

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


३ नं वडा कार्यालय रा.वि.न.पा. बाट जारी भएको सूचना

मिति : २०७९/०५/०५

जिल्ला सप्तरी, राजबिराज नगरपालिका साबिक वार्ड नं ४ हाल वार्ड नं ३ बस्ने रोहित कुमार सुरानाको छोरा दिपेन्द्र कुमार सुरानाले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउं भनी मिति २०७९।०५।०५ मा द.न. ५३ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने ब्यहोरा जानकारी गराईन्छ।

तपसिल

जि.स.रा.बि.न.पा. वा.नं ३ बस्ने रोहीत कुमार सुराना नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.वि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरिया | ८ | ४१३ | ०-१-० |
| सप्तरी | चनौरा पडरिया | ८ | ५०६ | ०-२-० |
| सप्तरी | चनौरा पडरिया | ८ | ५८२ | ०-२-० |
| सप्तरी | चनौरा पडरिया | ८ | ५८४ | ०-१-० |
| सप्तरी | चनौरा पडरिया | ८ | ५८५ | ०-२-१ |
| सप्तरी | चनौरा पडरिया | ८ | ४१२ | ०-०- १-० |
| सप्तरी | चनौरा पडरिया | ८ | ३७७ | ०-१-० |
| सप्तरी | चनौरा पडरिया | ८ | ५०७ | ०-१-१ |
| सप्तरी | सीतापुर | १ | १९९ | ०-९- ४ १/२ |
| सप्तरी | सीतापुर | १ | २३ | ०-९-१७ |
| सप्तरी | बसबिट्टी | ४ | ३७३ | ०-१-२ |
| सप्तरी | " | ४ | ४५७ | ०-०-१३ |
| सप्तरी | " | ४ | ५०३ | ०-५-० |
| सप्तरी | " | ४ | ५०७ | ०-१-० |
| सप्तरी | " | ४ | ५१५ | ०-३-० |
| सप्तरी | " | ४ | ५२५ | ०-१-० |

अनिल कुमार दास
वडा अध्यक्ष
रा.वि.न.पा. वडा नं.

# ५० जिल्लाका बालबालिकाका लागि कोरोनाविरुद्धको खोप

काठमाडौँ, ५ भदौ (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आइतबारदेखि दोस्रो चरणमा ५० जिल्लाका पाँचदेखि १२ वर्ष मुनिका बालबालिकाका लागि कोरोना भाइरसविरुद्धको खोप लगाउन थालेको छ।

मन्त्रालयका अनुसार आइतबारदेखि यही भदौ ११ गतेसम्म कोरोना भाइरसविरुद्धको खोपको पहिलो मात्रा बालबालिकालाई दिइनेछ। मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले आइतबारदेखि दोस्रो चरणमा ५० जिल्लाका बालबालिकालाई कोरोनाविरुद्धको खोप 'फाइजर बायोएनटेक' दिइन थालिएको जानकारी दिनुभयो।

बालबालिकालाई विद्यालयमा नै केन्द्र स्थापना गरी खोप दिइन थालिएको छ। विद्यालयका साथै बालमन्दिर र कारागारमा समेत खोप लगाइने छ। आइतबारदेखि ११ गतेसम्म पहिलो मात्रा लगाएका बालबालिकालाई दोस्रो मात्रा भदौ २७ देखि असोज १ गतेसम्म दिइनेछ।

यसअघि २७ जिल्लाका बालबालिकालाई कोरोना भाइरसविरुद्धको खोप लगाइएको थियो। पाँच वर्षदेखि १२ वर्षमुनिका उमेरका विद्यालयले तयार गरेको कक्षागत सूची, नामावली, विद्यालयले उपलब्ध गराएको परिचयपत्रका आधारमा खोप लगाइनेछ।

यस्तै विद्यालयमा सूचीकृत नभएका बालबालिकाको हकमा उमेर खुल्ने परिचयपत्र वा निजका अभिभावकले स्वःघोषणा गरेको उमेर पुगेका बालबालिकालाई खोप लगाइनेछ। प्रदेश नं १ का भोजपुर, धनकुटा, खोटाङ, ओखलढुङ्गा, पाँचथर, सङ्खुवासभा, सोलुखुम्बु, ताप्लेजुङ, तेह्रथुम र उदयपुर, मधेस प्रदेशका बारा, रौतहट र सर्लाही, बागमती प्रदेशका रामेछाप, दोलखा, धादिङ, नुवाकोट, रसुवा र सिन्धुपाल्चोकका बालबालिका रहेका छन्।

यस्तै गण्डकी प्रदेशका बागलुङ, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, स्याङ्दी, पर्वत, स्याङ्जा र तनहुँ, लुम्बिनी प्रदेशका कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पाल्पा, प्यूठान, रोल्पा, रुकुमपूर्व, कर्णाली प्रदेशका रुकुमपश्चिम, सल्यान, डोल्पा, हुम्ला, जुम्ला, कालिकोट, मुगु, दैलेख र जाजरकोट रहेका छन्। सुदूरपश्चिम प्रदेशका अछाम, डोटी, बझाङ, बाजुरा, बैतडी र दार्चुलाका बालबालिका रहेका छन्।

## विश्व समाचार

### भारत र अफगानिस्तानमा भारी वर्षा, अठचालीस जनाको मृत्यु

नयाँदिल्ली, ५ भदौ (रासस/सिन्ह्वा)।

भारतमा भारी वर्षाका कारण मृत्यु हुनेको सङ्ख्या ३८ जना पुगेको छ। पहाडी राज्यहरू हिमाचल र उत्तराखण्ड, पूर्वी राज्य उडिसा, झारखण्ड र भारत-नियन्त्रित काश्मीरमा बाढी र पहिरोमा परी उनीहरूको मृत्यु भएको हो।

हिमाचल प्रदेशमा मृतकको सङ्ख्या बढ्न सक्ने अधिकारीले बताएका छन्। त्यहाँ छ जना अझै बेपत्ता छन्। त्यसैगरी घर भत्किँदा र पहिरोको छुट्टाछुट्टै घटनामा १२ घाइते भएका छन्।

पहिरोको एउटा घटनामा एकै परिवारका आठ जनाको मृत्यु भएको छ। बाढीपहिरो प्रभावित राज्यका पुल, सडक र राजमार्ग नराम्ररी क्षतिग्रस्त भएकाले आवतजावतमा अवरोध भएको छ। बाढीपहिरोका कारण हजारौँ स्वदेशी तथा विदेशी पर्यटक विभिन्न स्थानमा अलपत्र परेका छन्।

शनिबार साँझ हिमाचल प्रदेशका मुख्यमन्त्री जयराम ठाकुरले प्रभावित जिल्लामा उच्च सरकारी अधिकारीलाई यातायात आवागमनका लागि भत्किएका सडक मर्मतसम्भर गर्न तथा क्षतिग्रस्त पुल मर्मत वा पुनःनिर्माण गर्न निर्देशन दिएका थिए।

यसैबीच, अफगानिस्तानको पूर्वीप्रान्त लोगारमा बाढीमा परेर १० जनाको ज्यान गएको छ भने सयौँ घर क्षतविक्षत भएका सरकारी समाचार संस्था बख्तरले आइतबार जनाएको छ। बाढीले सयौँ हेक्टर खेतबारीमा क्षति भएको छ।

विगत केही महिना यताको अविरल वर्षासँगै देशका विभिन्न भागमा भएका बाढीपहिरोका घटनामा परी दुई सयभन्दा बढीको मृत्यु भएको अधिकारीले बताएका छन्।

### जासुसीको आरोपमा रूसी र युक्रेनी नागरिक पक्राउ

तिराना (अल्बानिया), ५ भदौ (रासस/एपी)।

दक्षिणी अल्बानियास्थित एक सैन्य केन्द्रमा जासुसी गरेको आरोपमा दुई रूसी र एक युक्रेनीलाई पक्राउ गरिएको छ।

अल्बेनियाली रक्षा मन्त्रालयका अनुसार २४ वर्षीय एम.जेड भनेर चिनिने रूसी नागरिकलाई राजधानी तिरानाबाट ८० किलोमिटर दक्षिणमा रहेको ग्रामसस्थित सैन्यकेन्द्रको मैदानमा प्रवेश गरी फोटो खिच्ने क्रममा पक्राउ गरिएको हो।

गिरफ्तारीको प्रतिरोधका क्रममा निजले 'नियो-प्यारालाइजिङ स्प्रे' प्रहरी गरी दुई जना सैनिक सुरक्षाकर्मीलाई घाइते बनाएको छ। उनीहरूको सैनिक अस्पतालमा उपचार भइरहेको छ।

एस.टी नाम गरेकी ३३ वर्षकी रूसी महिला र एफ ए ले परिचित २५ वर्षीय युक्रेनी नागरिकलाई उनीहरू सवार गाडीसहित केन्द्रबाहिरबाट पक्राउ गरिएको हो।

सैनिक प्रहरी, सेनाको गुप्तचर प्रहरी र नागरिक तथा आतङ्क प्रतिरोध प्रहरीले उनीहरू विरूद्धको मुद्दामा समन्वय गरिरहेको तथा सम्बन्धित निकायसँगको समन्वयमा अनुसन्धान गरिने रक्षा मन्त्रालयको विज्ञप्तिमा जनाइएको छ।

सन् १९६२ मा स्थापना भएको ग्रामस मिलिटरी प्लान्टले एके-४७ राइफल उत्पादन गर्थ्यो तर सन् १९९० मा साम्यवादको पतनपछि यसले राइफल उत्पादनको सट्टा पुराना हतियार मर्मत गर्दै आएको छ।

सन् २००९ मा उत्तर एटलाण्टिक सन्धी सङ्गठन (नाटो)को सदस्याता लिएको अल्बानियाले युक्रेनमाथि रूसले गरेको हमलाको विरोध गर्दै आएको छ भने युरोपेली सङ्घ र संयुक्त राज्य अमेरिकाले मस्कोमाथि लगाएको प्रतिबन्धको समर्थन गरेको छ।

### तीस घण्टा लामो सैनिक कारवाही अन्त्य, चालिसभन्दा बढीको मृत्यु

मोगादिसु, ५ भदौ (रासस/एएनआई)।

अल-शबाब आतङ्ककारीले सोमालियाको राजधानी मोगादिसुको हयात होटलमा आक्रमण गरेको झण्डै ३० घण्टापछि सैनिक कारवाही समाप्त भएको छ।

अल-शबाब आतङ्ककारीले गरेको आक्रमणमा ४० जनाको मृत्यु हुनुका साथै ७० भन्दाबढी घाइते भएका थिए। स्थानीय सञ्चारमाध्यमका अनुसार सुरक्षा अधिकारी र आक्रमणकारीबीच झण्डै ३० घण्टासम्म गोली हानाहान जारी रहेको छ।

अल-कायदा आतङ्ककारी समूहसँग आबद्ध अल-शबाबले सोमालियाको सरकारविरुद्ध सशस्त्र सङ्घर्ष गरिरहेको छ र अझै पनि देशको दक्षिणी र मध्यभागमा ठूलो भूभागमा नियन्त्रण गरिरहेको छ।

भारतले मोगादिसुको हयात होटलमा भएको आक्रमणको कडा शब्दमा निन्दा गरेको छ। यसले पीडित परिवारप्रति हार्दिक समवेदना पनि व्यक्त गरेको छ। भारत सोमालियाको सरकार र जनताको आतङ्कवादविरुद्धको लडाईमा साथ रहने आश्वासन दिएको छ।





## डा. कालीप्रसाद यादव

M.B.B.S.,MD Internal Medicine

(NAMS Bir Hospital, Kathmandu)

Consultant Physician



कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

## डा. ललन प्रसाद रौनियार

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

Phone : 031-533774

Mo. No : 9819721526, 9852820734

# राष्ट्रिय भूमि आयोगद्वारा चार महिने प्रगति विवरण सार्वजनिक

**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ ।**

राष्ट्रिय भुमि आयोग जिल्ला समिति सप्तरीले चार महिने कार्यकालको प्रगति विवरण आइतबार सार्वजनिक गरेको छ ।




पत्रकार सम्मेलनको आयोजना गरि जिल्ला समिति सप्तरीले २०७९ बैशाख पहिलो सातामा पुर्णता पाई जिम्मेवारीमा आएपछि चार महिनाको छोटो अवधिमा गरेका कामहरुको प्रगति विवरण सार्वजनिक गरेको हो ।

विगतका आयोग, समिती र कार्यदलमा बुझाइएको निवेदन र अन्य कागजातहरु झिकाई अध्ययन गरी अन्तिम निर्णयमा पुग्ने सो अवसरमा जानकारी गराइएको छ ।

प्रगति विवरण प्रस्तुत गर्दै समितीका अध्यक्ष हरेराम यादवले यस अवधीमा सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित वसोवासलाई व्यवस्थापन गर्ने प्रयोजनका लागी जिल्लाको १८ मध्ये पहिलो चरणमा अग्नीसाइर कृष्णासवरण गाउँपालिका र तिलाठी कोइलाडी गाउपालिकासँग द्विपक्षिय सम्झौता गरी कार्य अघि बढाइएको जानकारी दिए ।

यस क्रममा अग्नीसाईर कृष्णासवरण गाँउपालिकाको विभिन्न वडामा नाप जाँचको काम भइरहेको तथा तिलाठी कोइलाडी गाउँपालिकाको ८ वडा मध्ये १ र २ वडा वाहेक सबैमा लगत कार्य सम्पन्न भइसकेको उनले जानकारी दिए ।

यस्तै कंचनरुप, सप्तकोशी, हनुमाननगर कंकालिनी, डाक्नेश्वरी, शम्भुनाथ, सुरुङ्गा, खडक र बोदेवर्साईन नगरपालिका तथा रुपनी र महदेवा गाउँपालिका संग पनि नयाँ सम्झौताको काम पुरा भई लगत संकलन सम्बन्धि ३५ दिने म्याद सहित सूचना प्रकाशित गरिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

सम्झौता अनुसार सम्बन्धित पालिकाले सेवा केन्द्र संचालन गरी पालिका स्तरीय सहजीकरण समिति गठन गर्ने कार्य समेत तिब्र बनाएको पत्रकार सम्मेलनमा समितीका सदस्य समेत रहेका नापी कार्यालयका प्रमुख शत्रुघन प्रसाद यादवले जानकारी दिए ।

पत्रकार सम्मेलनमा समितीका सदस्य पञ्चदेव चौधरी, हरिनारायण महतो, अनार कुमारी चौधरी लगायतको समेत उपस्थिती रहेको थियो ।

# नहरमा डुबेर एक बालकको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ ।**

सप्तरीको सप्तकोशी नगरपालिका वडा नं. २ सिद्धिपुरमा रहेको नहरमा डुबेर एक बालकको सोमबार बिहान ज्यान गएको छ ।

आफ्नै घर नजिकैको छोटी नहरको डिलमा खेल्दै गरेको सप्तकोशी नगरपालिका वडा न १ का कार्यालय सहयोगी राजकुमार रामको दुई वर्षीय छोरा सन्दिप रामको बिहान नहरमा डुबेर ज्यान गएको हो ।

बालकको शव डुबेको ४ घण्टापछि दिउसो १२ बजे घरदेखि डेढ किलोमीटर दक्षिण नहरमा फेला परेको इलाका प्रहरी कार्यालय फत्तेपुरले जनाएको छ ।

मृत बालकको शव पोष्टमार्टमका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराज पठाइको तथा घटना बारे थप अनुसन्धान जारि रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# नेता गिरीको सम्मानमा कांग्रेसले तीन दिन पार्टीको झण्डा आधा झुकाउने

काठमाडौँ, ५ भदौ (रासस) ।

नेपाली कांग्रेसले दिवङ्गत नेता प्रदीप गिरीप्रति उच्च सम्मान प्रकट गर्दै यही भदौ ५, ६ र ७ गते तीन दिनसम्म पार्टीको केन्द्रीय र मातहतका सबै कार्यालयमा झण्डा आधा झुकाउने निर्णय गरेको छ । साथै पार्टीले शोक श्रद्धाञ्जलीका कार्यक्रमबाहेक अरु सबै कार्यक्रम स्थगित गर्ने भएको छ ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा आइतबार बसेको केन्द्रीय कार्यसमितिको आकस्मिक बैठकले समाजवादी चिन्तक, पूर्वकेन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य गिरीको निधनप्रति दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको छ ।

यसैगरी कांग्रेसले भदौ ६ गते सोमबार केन्द्र तथा मातहतका सबै कार्यालय बन्द गर्ने, स्वर्गारोहणको १३औँ दिन (भदौ १६ गते) सम्म केन्द्र र जिल्ला कार्यालयमा शोक पुस्तिका राख्ने निर्णय गरेको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

स्वर्गारोहणको १३ औँ दिन ( भदौ १६ गते) मा केन्द्र र सबै जिल्लामा शोकसभाको आयोजना गर्ने बैठकले निर्णय गरेको छ ।

## भावपूर्ण श्रद्धाञ्जली

जन्म मिति
बि. सं. २०३७/८/६



स्वागारोहण
बि. सं. २०७९/०५/०२

**स्व. अनुराधा मेहता**

यस संस्थाका शेयर सदस्य राजविराज वडा नं. ९ मलेठ निवासी मृदुभासी, अति मिलनसार श्रीमती अनुराधा मेहताको मोटरसाईकल दुर्घटनामा परी निधन भएकोले हामी स्तब्ध भएका छौं । मृत आत्माको चिरशान्तिको काममा गर्दै निजका श्रीमान बिजय मेहता लगायत शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**जनज्योती कृषि सहकारी संस्था लि.**
**राजविराज ९, मलेठ, सप्तरी**

# बाढी पीडितलाई लायन्स इन्टरनेशनलको सहयोग




**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ ।**

हालै आएको बाढीले पीडित सप्तरी र छिमेकी जिल्ला उदयपृरका ४ सय परिवारलाई लायन्स इन्टरनेशनलले आईतवार खाद्यान्न, झुल, बाल्टिन, लत्ताकपडा, औषधी लगायतका राहत सामाग्री वितरण गरेको छ ।

दुई साता अघि पहाडी क्षेत्रमा भएको भारी वर्षाले सप्तकोशीमा आएको बाढीका कारण उदयपुरको वेलका तथा सप्तरीको सप्तकोशी र कंचनरुप नगरपालिकाको विभिन्न वडामा ठूलो धनमालको क्षति भएको थियो ।

बाढी प्रभावित क्षेत्र सप्तरीको सप्तकोशी नगरपालिका, कंचनरुप नगरपालिका तथा उदयपृरको वेलटार नगरपालिकाको पीडित व्यक्तीको घरमै पुगेर लायन्स क्लब डिस्ट्रिक्ट ३२५ को टोलीले वितरण गरेको हो ।

लायन्स क्लब द्वितिय गर्वनर शंकर शारदाका अनुसार वेलका नगरपालिकाका बाढी प्रभावित ३ सय तथा सप्तकोशी र कंचनरुप नगरपालिकाका ५०/५० गरी ४ सय परिवारलाई १२ लाख ६० हजार मुल्य बराबरको राहत सामाग्री वितरण गरिएको छ ।

प्रतिपरिवारलाई १५ किलो चामल, ३ किलो दाल, १ किलो खाने तेल, दुई किलो नुन, च्युरा ४ किलो, २ थान झुल, १/१ थान बाल्टिन र जग, तन्ना एक थान, सुत्केरी महिलालाई साडी र नवजात शिशुलाई लत्ताकपडा र पौष्टिक आहार तथा औषधी लगायतका राहत सामाग्री वितरण गरिएको लायन्स क्लबका डिस्ट्रिक एडभाईजर मनोज सापकोटाले जानकारी दिए ।

लायन्स डिस्ट्रिक गर्वनर लायन डा.राजेन्द्र गिरी, प्रथम गर्वनर शिव कुमार कटुवाल, पुर्वगर्वनर शम्भु घिमिरे, मधुकर उपाध्याय, केन्द्रिय सेक्रेटरी केशर भण्डारी, डिजास्टर चिफ चक्र दहाल, क्लस्टर चिफ ज्ञानेन्द्र देव लगायतले पीडितहरुलाई उक्त राहत सामाग्री हस्ताण्तरण गरेका थिए ।

***सप्तकोशी नदीको ...***

गरी भारततर्फ लैजाने गरेको सुचना प्राप्त गरेपछि अहिले त्यस क्षेत्रमा निगरानी कडा पारिएको सशस्त्र प्रहरी बलले जनाएको छ ।


**हातधुने बानी बसालौं, संक्रमणबाट जोगिऔं**

साबुनपानीले मिचिमिचि हात धोऔं।

- हत्केला पछाडि, औंलाको बीच, नङभित्र लगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*